साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

**SALT TRADING CORPORATION LTD.**

पत्र संख्या/Ref No. २०७८/०७९ च.नं. ७११

प.लि.नं ७२।२०२०

मिति : २०७९/०१/२२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, काठमाडौ ।

**विषय : ५५ औं वार्षिक साधारणसभाको निर्णयको प्रतिलिपी पेश गरेको वारे ।**

उपरोक्त सम्वन्धमा यस कर्पोरेशनको मिति २०७८ साल चैत्र ३० बुधवार बिहान ११:०० बजे बसेको ५५ औं वार्षिक साधारणसभाको निर्णयको प्रतिलिपी यसैसाथ संलग्न गरी पेश गरिएको ब्यहोरा अनुरोध गर्दछौं ।

भवदीय
नि.साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

(उमेशकुमार ओझा)
प्रवन्धक / कम्पनी सचिव

केन्द्रिय कार्यालय, कालिमाटी, काठमाडौं, नेपाल, फोन नं.: ४२७१०१४, ४२७०३१५, ४२७१७०४, फ्याक्स: ९७७-१- ४२७१७०४, ४२७१३९५
Central Office, Kalimati, Kathmandu, Nepal, Phone: 4271014, 4270315, 4271704, Fax: 977-1-4271704, 4271395
Email: admin@stcnepal.com, URL: www.stcnepal.com

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको

## पचपन्नौं वार्षिक साधारण सभाको काम कारवाहीको निर्णय विवरण

## (माइन्युट)

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको मिति २०७८ साल चैत्र ६ गते आईतवार बसेको सञ्चालक समितिको १०२३ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ र कर्पोरेशनको प्रबन्धपत्र तथा नियमावली बमोजिम पचपन्नौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री कल्याण गोविन्द श्रेष्ठज्यूको सभापतित्वमा देहाय बमोजिम सुसम्पन्न भयो ।

**सभाको स्थान, मिति र समयः**

मिति : २०७८ साल चैत्र ३० गते बुधवार (तदनुसार १३ अप्रिल २०२२)

समय : विहान ११:०० बजे ।

स्थान : होटल सोल्टी,ताहाचल, काठमाडौ ।

१ **सभाको सूचना प्रकाशनः**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कर्पोरेशनको पचपन्नौं वार्षिक साधारण सभाको सूचना आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सबै शेयरधनीहरुको उपलव्ध व्यक्तिगत ठेगाना र इमेलमा पठाउनुका साथै २०७८ साल चैत्र १० र ११ गतेको **"गोरखापत्र"** दैनिकमा कर्पोरेशनको पचपन्नौं वार्षिक साधारण सभा हुने स्थान, समय र छलफल हुने विषयहरुको सूचना पनि शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिनुका साथै कर्पोरेशनको **Website www.stcnepal.com** मा राखिएको थियो । साथै साधारण सभामा आमन्त्रित भई दिन नियमन निकायहरु नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक ऐक्सचेञ्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा पत्राचार गरिएको ।

२ **छलफलको विषयसूचिः**

(क). **सामान्य प्रस्ताव**

१. पचपन्नौ वार्षिक साधारणसभाका लागि आर्थिक बर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहित सोही आ.व.को वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारीश अनुसार आर्थिक बर्ष २०७८/०७९ को हिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टस् पूनः नियुक्तिको लागि योग्य हुनुहुन्छ) ।

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिमको चुक्ता पूजिंको शुन्य दशमलव पांच दुई छ प्रतिशतका दरले नगद लाभांश वापत रु १२,१३,०६८।– (वोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

५. सञ्चालक नियुक्ती अनुमोदन गर्ने ।

(ख) **बिशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूजींको १० प्रतिशतले हुने रकम रु २,३०,४८,२९०।–वरावरको वोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने ।

२. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृति उपर छलफल गरि पारित गर्ने ।

(ग). **विविध ।**

३ **उपस्थितिः**

**संचालकहरुको उपस्थितिः**

| | | | |
|---|---|---|---|
| श्री | कल्याणगोविन्द श्रेष्ठ | : | अध्यक्ष |
| डा. | नारायण प्रसाद रेग्मी | : | सञ्चालक |
| श्री | अतुल मल्ल | : | सञ्चालक |
| श्री | प्रदिप लाल श्रेष्ठ | : | सञ्चालक |
| श्री | अञ्जन श्रेष्ठ | : | सञ्चालक |
| श्री | राजेन्द्रमान शेरचन | : | सञ्चालक |
| श्री | नारायणदास मानन्धर | : | सञ्चालक |

**सञ्चालक अनुपस्थित**

श्री मोहन प्रकाश चन्द : सञ्चालक

**उपस्थित पदाधिकारी :**

श्री उर्मिला श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत

श्री कुमार राजभण्डारी : नायव प्रमुख कार्यकारी अधिकृत

श्री ओमशिद्धि गुभाजु : सहायक प्रमुख कार्यकारी अधिकृत (अर्थ तथा लेखा)

श्री उमेशकुमार ओझा : कम्पनी सचिव

**आमन्त्रित पदाधिकारीहरुः**

श्री उर्मिला के.सी : उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

श्री रामचन्द्र सुवेदी : कानूनी सल्लाहकार, जुरिष्ट एण्ड कम्पनी

श्री मनिस अमात्य : चार्टड एकाउण्टेण्ट (एन अमात्य एण्ड कम्पनी)

४ **गणपूरक संख्या र सभाको वैधानिकता:**

| विवरण | कूल सख्या | स्वंयम् उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | जम्मा उपस्थित भएको प्रतिनिधि प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी सख्या | ५४२१ | ६८ | ५४ | १२२ | २.२५ |
| शेयर सख्या | २३०४८२९ | ६८८१६७ | ६३३८६८९ | १३२२०३५ | ५७.३६ |

उपरोक्त वमोजिम शेयरधनीहरु सभामा उपस्थित भएको हुंदा कम्पनी ऐन २०६३ दफा ७३ को उपदफा (२) तथा कर्पोरेशनको प्रबन्धपत्र नियमावली बमोजिम यो साधारण सभाको गणपूरक सख्या पुगेको र प्रचलित ऐन कानून अनुसार सभा वैधानिक भएको कुरा कम्पनी सचिव श्री उमेश कुमार ओझाले सभालाई जानकारी गराउनु भयो ।

५ **सभाको सभापतित्वः**

कम्पनी ऐन २०६३ को दफा ७४(१) र कर्पोरेशनको नियमावलीको दफा ५०(१) अनुसार कर्पोरेशनका सञ्चालक समितिका अध्यक्ष श्री कल्याणगोविन्द श्रेष्ठज्यूले कर्पोरेशनको पचपन्नौं वार्षिक साधारणसभाको अध्यक्षता गर्दै सभापतिको आसन ग्रहण गर्नुभयो ।

६ **सभा संचालन तथा आर्थिक वर्ष २०७७/२०७८ को वार्षिक प्रतिवेदन प्रस्तुतिः**

आशन ग्रहण पश्चात् सभापतिज्यूले सभाको काम कारवाही अघि बढाउने क्रममा संक्षिप्त रुपले अध्यक्षज्यूको प्रतिवेदन सहित आफ्नो मन्तव्य व्यक्त गर्दै सभाका लागि घोषित बिषयसूचि उपर छलफलका लागि आव्हान गर्नुभयो ।

७ **छलफलको लागि सहभागी हुनेहरुः**

कर्पोरेशनको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन लगायत वित्तिय अवस्थाको विवरण नाफा वा नोक्सानी तथा अन्य विस्तृत आयको विवरण नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरणमा आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न भए सो समेत प्रस्तुत गर्न शेयरधनी महानुभावहरु समक्ष सभापतिज्यूले गर्नु भएको अनुरोध बमोजिम देहायका ८ (आठ) जना शेयरधनीहरुले छलफल क्रममा सहभागी भै देहाय बमोजिम आ–आफ्नो राय, सुझाव र मन्तव्य प्रस्तुत गर्नु भयो ।

१. श्री राजेश शाक्य

२. श्री चन्द्रनारायण श्रेष्ठ

३. श्री अमिरदास रन्जित

४. श्री डमरुबल्लभ घिमिरे

५. श्री शिव पौडेल

६. श्री रोज कुमार श्रेष्ठ

७. श्री कृष्णप्रसाद अधिकारी

८. श्री महेन्द्रबहादुर श्रेष्ठ

८. **छलफलको क्रममा शेयरधनी महानुभावहरुको तर्फबाट ब्यक्त भएका जिज्ञासा एवं सुझावहरुको संक्षिप्त विवरणः**

(क) समिक्षागत रुपमा वोनश शेयर दिन सकेकोमा धन्यवाद दिदै बित्तिय क्षेत्रमा गरेको लगानी बाहेक अरु क्षेत्रको लगानीको प्रतिफल नगन्य रुपमा भाएको हुदा त्यस्ता लगानीलाई write Off गर्दै जादा कर्पोरेशनलाई आर्थिक भार कम हुने हुदा त्यस तर्फ के सोचाई रहेकोछ स्पष्ट पारिदिनु हुन्छकी ?

(ख) ब्यापार विविधिकरणको क्रममा कर्पोरेशनले लिएको कर्जाको भारलाई क म गर्न पूजिको ब्यवस्था गर्न डिवेञ्चर वा एफ.पि.ओ जारी गर्ने तर्फ के सोचाई रहेकोछ । स्पष्ट पारिदिनु हून्छकी ?

(ग) कोरोना कहरको बिषम परिस्थितीमा पनि आपुर्ति सहज पारेकोमा धन्यवाद दिदै समिक्षा बर्षको आ.व.को ८ महिनाको तुलनामा यो बर्षको फाल्गुण महिनासम्म कारोवार घटेको छ स्पष्ट पारिदिनु हुन्छकी

(घ) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ख) उल्लेख गरि ऋण सुविधाको बिषयमा प्रस्ताव गरिएको के हो स्पष्ट पारिदिनु हुन्छकी ?

(ङ) कर्पोरेशनको सम्पत्तिलाई आधुनिक तथा ब्यापारिक भवन बनाई त्यसबाट प्रतिफल लिने गरी सम्पत्तिको अधिक उपयोग गर्ने तर्फ के सोचाई रहेकोछ । स्पष्ट पारीदिनुहुन्छ की ?

(च) ब्यापार विविधकरणमा भुकम्प प्रविधि घर निर्माण गरेको तर त्यस्मा के भईरहेकोछ । स्पष्ट पारिदिनु हुन्छकी ?

(छ) कर्पोरेशनको कालिमाटी स्थित घर जग्गालाई ब्यवसायिक भवन निर्माण गर्ने भन्ने कुरा कहासम्म पुग्यो स्पष्ट पारिदिनुहुन्छकी ?

(ज) नेपाल बनस्पति ध्यू उद्योग लिमिटेडबाट तोरिको तेल उत्पादन गर्ने भन्ने कुरा के भई रहेकोछ । स्पष्ट पारिदिनु हुन्छकी ।

(झ) समिक्षगत रुपमा विगत बर्षहरु देखिनै वोनश शेयर र लाभांश दिन सकेकोमा सञ्चालक समिति र ब्यवस्थापनलाई धन्यवाद दिदै साधारणसभाबाट पारित भई सकेको लाभांश लाई तत्कालै वितरण गर्ने ब्यवस्था गर्नु पर्नेमा किन मन्त्रालयले स्वीकृत दिन रोकेको हो ? सो को लागि पहल गर्नु पर्‍यो ।

(ञ) अध्यक्षको प्रतिवेदनमा आगामी बर्षहरुमा कर्पोरेशनलाई कुन अवस्थामा पुऱ्याउने नीति तथा लक्ष्य लिएकोछ । स्पष्ट पारिदिनु हुन्छ की ?

(ट) देशभरी रासायनिक मलको वारेमा समस्या उत्पन्न भएको अवस्थामा कर्पोरेशनले गैर अनुदानित मल आयात गरी मलको आपूर्तिमा केही हदसम्म सहजीकरण गर्न सकेकोमा धन्यवाद दिदै अनुदानित मल आयात गर्न के गरिरहेकोछ । स्पष्ट पारिदिनु हुन्छ की ?

(ठ) नूनको ब्यापारका घाटा नाफा के भएको छ स्पष्ट पारिदिनु हुन्छकी ?

(ड) कर्पोरेशनका सहायक कम्पनीहरुको केहीको मात्र जानकारी दिएको अरु के के भएको छ । मोरङ्ग सुगर मिल्स सञ्चालन गर्न नसकिएको । जग्गाको अधिकतम उपभोग भईरहेको भनिएकोछ । मिल्सलाई आधुनिकिकरण गरी पून : संरचना गर्ने तर्फ के सोचाएई रहेकोछ ?

(ढ) कर्पोरेशनले बिक्री वितरण गर्दैआएका खाद्य बस्तुहरु सबै भारतबाट ल्याएर बिक्री वितरण गर्ने गरिएकोछ की नेपाली उत्पादन बिक्री वितरण गर्ने गरिएको छ। स्पष्ट पारिदिनु हुन्छकी ?

**सञ्चालक समितिका अध्यक्ष श्री कल्याणगोविन्द श्रेष्ठज्यूले शेयरधनी महानुभावहरुले कर्पोरेशन प्रति सकारात्मक अवधारणा देखाई रचनात्मक सुझाव सहितको प्रश्न राखी संस्था प्रति देखाउनु भएको सदाशयता प्रति धन्यवाद व्यक्त गर्दै कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत श्रीमती उर्मिला श्रेष्ठलाई शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्नहरुको समूहगत रुपमा जानकारी गराउन अनुमति दिनु भए पश्चात् प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिमको जानकारी सभामा प्रस्तुत गर्नुभयो ।**

(क) शेयरधनी महानुभावहरुको सल्लाह रसुझाव अनुसार हरेक बर्ष क्रमशः Write Off गर्दै लैजाने ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(ख) शेयरधनी महानुभावहरुको सल्लाह र सुझाव अनुसार विगत बर्षहरु देखि नै वोनस शेयार जारी गरेर कम्पनीको चुक्ता पूजीको संरचनामा बिशेष ध्यान दिएको विदितैछ । कर्पोरेशनका पूंजीको आकार सानो भएको कारण कर्पोरेशनले गर्न सक्ने कारोवार तथा लगानी लगायतमा कठिनाई भएकोछ । कर्पोरेशन नेपाल सरकारको समेत लगानी भएको संस्था भएकोले पूंजी बृद्धि गर्न डिवेञ्चर तथा एफ.पि.ओ के जारी गर्दा उपयुक्त हुन्छ ? आवश्यक अध्ययन गरिने ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौं ।

(ग) कोरोना कहरको कारण देशमा भएको निषेधाज्ञा, लकडाउन लगायतका कारणले कारोवारमा केही असर परेको छ । समिक्षा बर्षको तुलनामा यस बर्षको फाल्गुण सम्मको कारोवार घटनुको प्रमुख कारण चिनी आयातको अनुमति प्राप्न नभएको आयात गर्न नसकिएको तथा रासायनिक मल आयात नभएका कारण करोवारमा असर परि कारोवार घटन गएको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(घ) प्रचलित कानून बमोजिम कुनै कम्पनीले नियमित व्यवसायिक कामको सिलसिलामा कम्पनीले बैंक वा वित्तिय संस्थाबाट छ महिना भन्दा कम

अवधिको लागि लिएको ऋण सुविधा बाहेक आफ्नो चुक्ता पुंजि र संचित मुनाफा (फ्रि रिर्जभ) को जम्मा रकम भन्दा बढी हुने गरी ऋण लिनु पर्दा कम्पनी ऐनको दफा १०५(१) को खण्ड (ख) बमोजिम साधारणसभाबाट स्वीकृत लिनु पर्ने व्यवस्था भए बमोजिम सो को स्वीकृतीको लागि प्रस्ताव गरिएको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(ङ) कर्पोरेशनको आफ्नो सम्पत्तिलाई अधिक उपभोग गर्ने तर्फ संम्भाब्यता अध्ययन भईरहेकोछ । हामीले तत्कालै कर्पोरेशनका बिभिन्न स्थानमा रहेका जग्गाहरुमा आधुनिक भवन, भवन तथा गोदामहरु वनाउने तर्फ आवश्यक प्रकृया शुरु गर्न लागि सकेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौ ।

(च). कर्पोरेशनले ब्यापार विविधिकरणको नीति अवलम्वन गर्दै आफ्नो सहायक कम्पनी उपहार हाउजिङ्ग कम्पनी लिमिटेडको जग्गामा चन्द्रागिरी नगरपालिका था महादेव स्थित भुकम्प प्रतिरोधात्मक आधुनिक भवनहरु निर्माण गरिरहेकोछ । यंहाहरुले पनि उक्त भवनको अवलोकन गरी खरिद गर्न सक्नु हुने शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौ ।

(छ) कर्पोरेशनको कालिमाटी स्थित पुरानो भवन भत्काई नया ब्यवसायिक भवन निर्माण गर्ने तर्फ डिपीआरको कार्य हुन लागेको शेयरधनी महानुभावहरुलाई जानकारी गराउछौ ।

(ज) नेपाल बनस्पति ध्यू उद्योग लिमिटेडबाट परिक्षणको रुपमा तोरीको तेल उत्पादन हुन थालेकोछ उक्त उत्पादनलाई गुणस्तर परिक्षण पश्चात तत्कालै बजारमा ल्याउने शेयरधनी महानुभावहरु लाई जानकारी गराउदछौ ।

(झ) शेयरधनी महानुभावहरुको सुझाव एवं सल्लाह अनुसार विगत बर्षहरु देखिनै वोनश शेयर जारी गरेर कम्पनीको पूंजीको संरचनामा विशेष ध्यान दिएको विदितै छ । कर्पोरेशनलाई पूंजीको आकार सानो भएको कारण कर्पोरेशनले गर्न सक्ने कारोवार लगायतमा कठिनाई भएकोछ । प्रचलित कम्पनी ऐन २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारको लगानी रहेका कम्पनीहरुले साधारणसभाले लाभांश पारित गरिसके पश्चात् वितरण गर्नु अगाबै नेपाल सरकारको स्वीकृति लिनु पर्ने प्रावधान अनुसार स्वीकृतिको लागि तालुक मन्त्रालयमा पठाउने गरेको हो । आ.व.२०७३/०७४, २०७४/०७५ र २०७५/०७६ को नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत प्राप्त भई उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा

आएको र आ.व ०७६/०७७ ,नेपाल सरकारबाट स्वीकृत हुन वांकी लाभांश स्वीकृतको लागि मातहत मन्त्रालय मार्फत आवश्यक पहल भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौ ।

(ञ) कर्पोरेशनले आफ्नो कारोवार तथा रणनीतिका लागि अल्पकालिन तथा दिर्घकालिन योजनाहरु बनाएर अगाडी बढेकोछ । कर्पोरेशनलाई आगामी दिनहरुमा देशमा गुणस्तरयुक्त सामग्रीहरु सर्वसुलभ रुपमा उपलब्ध गराउने संस्थाको रुपमा विकास गर्न चाहेको शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौं ।

(ट) कर्पोरेशनले बर्षेनी देशमा हुने रासायनिक मलको अभावलाई न्यूनिकरण गर्ने उद्देश्यले गैन्ह अनुदानित मलको आयात गरी बिक्री वितरण गर्दै आएकोछ । उक्त मलको माग बढ्दै गएको हुदा आयात तथा बिक्री परिमाणलाई बृद्धि गर्दै लगिएकोछ । नेपाल सरकारले रासायनिक मलको जम्मा कोटाको ३० प्रतिशत मात्र कर्पोरेशनलाई आयात गर्न अनुमति प्रदान गरेकोछ । जस अनुसार कर्पोरशेनले प्राप्त गरेको कोटा समय सिजन भित्रै केही परिमाणमा आयात भई सकेको र केही आयात प्रकृया भईरहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउंदछौं ।

(ठ) नूनको मुल्य समायोजन गर्ने स्वीकृती नेपाल सरकारबाट हुनु पर्ने भएको हुदा धेरै बर्ष देखि मुल्य समायोजन नभएका कारण कर्पोरेशनलाई नेपाल सरकारले दिएको निर्देशन पालना गर्दा नूनको कारोवारमा घाटा रहेको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौं ।

(ड) कर्पोरेशनका सहायक कम्पनीहरु उपहार हाउजिङ्ग कम्पनी लिमिटेड, हिमालयन खाद्य एवं प्याकिङ्ग उद्योग लिमिटेड, खाद्य उद्योग लिमिटेडले आफ्नो कारोवार संचालन गरिहेका छन भने गोरखकाली रवर उद्योग लिमिटेड र वुटवल धागो कारखाना लिमिटेड हाल बन्द अवस्थामा रहेका छन् । साथै शुवर्ण फर्मास्युटिकल्सको सञ्चालनको लागि कर्पोरेशन बिशेष महत्वका साथ लागि परेको छ । तथापी कम्पनीको पूर्वाधारहरु पूर्ण रुपमा तयार नभई सकेकोले तत्काल सञ्चालनमा ल्याउन नसकिएको हामीलाई जानकारी प्राप्त भएको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौं मोरङ्ग सुगर मिल्स पुरानो टेक्नोलोजीको भएको कारण सो मिल्सलाई आधुनिकिकरण गरी पून: संरचना गरि सञ्चालन गर्न धेरै पूंजीको आवश्यक पर्ने भएको कारण सो मिल्सको आधुनिकिकरण गरि पून: सञ्चालन गर्न उपयूक्त साझेदारको खोजि भई रहेकोछ । हाल मिल सञ्चालन गर्न नसकेपनि आफ्नो स्वामित्वमा भएको जग्गालाई अधिकतम

उपभोग गरी नाफा मुखी बनाउने उद्देश्य अनुरुप उखु फार्म सञ्चालन गरिएको ब्यहोरा शेयरधनी महानुभावहरुलाई जानकारी गराउदंछौ ।

(ढ) कर्पोरेशनले बिक्री वितरण गर्ने खाद्य बस्तुहरु नेपाली उत्पादनलाई प्राथमिकता दिएको शेयरधनी महानुभावहरुलाई जानकारी गराउदछौं ।

## ९ छलफलको क्रममा व्यक्त गरिएका सुझावहरुको सूचीकरणः

(क) कर्पोरेशनले मुलभुत कारोवारमा मात्र ध्यान दिन सुझाव ।
(ख) अल्पकालिन ऋणहरु लाई आ.व.को अन्त्यमा समाप्ती गर्दै जान सुझाव ।
(ग) बैंक ऋण घटाउन डिवेञ्चर तथा अग्राधिकार शेयर जारी गर्न सुझाव ।
(घ) Value Added उत्पादनहरुको पहिचान गरेर निर्यात गर्न सुझाव ।
(ङ) वितरण नभएका लाभांश धेरै भएको हुदा स्वीकृत लाभांश वितरणको लागि सहजिकरण गर्ने ब्यवस्था गर्न सुझाव ।
(च). कर्पोरेशनका जग्गा जमिनको पुनः मुल्याङकन गर्न सुझाव ।
(छ) उठन वाकी रकमहरु उठाउन पहल गर्न सुझाव ।
(ज) विगत बर्षहरुको साधारणसभाबाट पारित लाभांशलाई नेपाल सरकारबाट चाडो भन्दा चाडो स्वीकृत प्रदान आ–आफ्नो ठाउबाट पहल गर्न सुझाव ।
(झ) कर्पोरेशनको सम्पत्तिलाई प्रतिफल आउने गरी प्रयोग गर्न सुझाव ।
(ञ) सञ्चालक समितिमा महिलाको प्रतिनिधित्व गराउन सुझाव ।
(ट) मल आयातमा तिव्रता दिन सुझाव ।
(ठ) कर्पोरेशनका नचलेको सहायक कम्पनीहरलाई उचित ब्यवस्थापन गर्न सुझाव ।
(ड) कर्पोरेशनका लगानी रहेको निस्कृय कम्पनीहरुले प्रतिफल दिन नसकेको र हाल सञ्चालनमानै नरहेको हुदा तिनिहरुको उपयूक्त लिलाम बिक्री तथा ब्यवस्थापनको लागि बिचार गर्न सुझाव ।
(ढ) आगामी साधारण सभा ऐनले निर्दिष्ट गरेको समय सिमा भित्रै गर्न सुझाव ।
(ण) बैंक ऋण घटाई ब्याज घटाउन सुझाव ।
(त) कर्पोरेशनको उत्पादनलाई सबै माझ पुर्‍याउनु डिलर सख्या बृद्धि गर्नु पर्‍यो ।
(थ) प्रतिवेदन नेपालीमा प्रकाशन गर्न सुझाव ।
(द) ब्यापार प्रवर्धन गर्न अन्य क्षेत्रमा अगाढी बढ्न सुझाव ।
(ध) शेयरमा गरेको लगानीलाई बिक्री गरी नाफा लिन उपयुक्त हुने सुझाव ।
(न) प्रतिवेदन तयार गर्दा शब्द सन्तुलनमाा ध्यान दिन सुझाव ।
(प) प्रमुख सुचाङक स्पष्ट भाषामा बुझ्ने गरी राख्नु पर्ने । चाहिने शिर्षक समेत राखेर सुचाङक स्पष्ट रुपमा हुनु पर्ने सुझाव ।

(फ) कर्मचारीको गुनासोलाई ध्यानमा राखी उचित व्यवस्थापन तथा System Upgrade गर्न सुझाव ।

(ब) वोनश शेयरको समयमानै सुचिकरण गर्न सुझाव ।

(भ) बजारमा बेलावेलामा तथा बिषेश गरी चाडपर्वमा ग्यांस लगायत चिनीको अभाव हुने गरेको हुदा समयमानै यसको व्यवस्थापन गर्न सुझाव ।

(म) सञ्चालकहरुको प्रतिनिधित्वको सर्वसाधारण, संस्थापक र संस्थागत प्रतिनिधि छुटयाई दिन सुझाव ।

(य) पुराना गाडीहरु मर्मत गरेर चलाईरहनु भन्दा त्यस्ता गाडीलाई व्यवस्थापन गरी नया बिद्युतिय गाडीहरुमा ध्यान दिन सुझाव ।

(र) मलको अभावलाई न्यूनिकरण गर्न नेपाल सरकारसंग पहल गरी मल कारखाना खोल्न पहल गर्न सुझाव ।

(ल) स्थानिय उत्पादन तर्फ ध्यान दिन सुझाव ।

१० **धन्यवाद तथा प्रशंसा प्रति आभार व्यक्त:**

छलफलको क्रममा प्रायश: सबै सहभागी शेयरधनीहरुले कर्पोरेशनको क्रियाकलापको सऱ्हाना गर्नुको साथै कर्पोरेशनले निरन्तर रुपमा लांभाश दिंदै आएको, व्यापार विविधीकरणको नीति अपनाएको समिक्षा वर्षमा भएको मुनाफाबाट शेयरधनीहरुलाई १० प्रतिशत वोनश शेयर र शुन्य दशमलव दुई पाच छ प्रतिशत वोनश शेयरको कर प्रयोजनार्थ नगद लाभांश दिन सफल रहेकोमा सऱ्हना गर्दै भविष्यमा सो गतिलाई अझ सुदृढ पार्न दिनु भएको सुझावहरु कर्पोरेशनले आगामी दिनहरुमा क्रमश: कार्यान्वयन गर्ने प्रयास गर्नेछ । सहभागी शेयरधनीहरुले व्यक्त गर्नुभएको मन्तव्य, विचार, प्रश्न तथा जिज्ञासाहरु रचनात्मक एवं सकारात्मक किसिमको रहयो । उहाहरुले कर्पोरेशनको काम कारवाहीमा गहिरो अभिरुचि राखी सञ्चालक समिति तथा व्यवस्थापनलाई थप मार्गदर्शन गरी कर्पोरेशनको मनोवल बढाउन सहयोग पुऱ्याउनु भयो । यसरी शेयरधनी महानुभावहरुले दिनुभएको रचनात्मक सुझाव एवं मार्गदर्शन प्रति सभापतिज्यूले आभार व्यक्त गर्नुभयो ।

११ **सभाको निर्णय:**

(क). **सामान्य प्रस्ताव**

१. **पचपन्नौ वार्षिक साधारणसभाका लागि आर्थिक बर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.१ को आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

२. **आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षेकको प्रतिवेदन सहित सोही आ.व.को वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.२ अनुसार आ.व.२०७७/०७८ को हिसाब जांची लेखापरीक्षकले दिनु भएको प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्त सम्मको वित्तिय अवस्थाको विवरण, नाफा वा नोक्सानी तथा अन्य बिस्तृत आयको विवरण नगद प्रवाह विवरण इक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरण तथा लेखा टिप्पणीलाई स्वीकृतिका लागि सभा समक्ष राखेको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. **लेखापरीक्षण समितिको सिफारीश अनुसार आर्थिक बर्ष २०७८/०७९ को वित्तिय विवरण लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने (हालको लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टस् पूनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषय सूचि न. ३ अनुसार कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०७८/०७९ को वार्षिक हिसाब लेखापरीक्षण गर्नको लागि लेखा परीक्षकको नियूक्ति र निजको पारिश्रमिक अनुमोदन गर्ने बारे सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले कम्पनी ऐन २०६३ को दफा १६४ अनुसार कर्पोरेशनको लेखापरीक्षण समितिले सिफारिश गरे अनुसार लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी चार्टड एकाउण्टेण्टलाई नियुक्ति गर्ने र लेखापरिक्षक शुल्क रु ५,००,०००।–(अक्षरेपी पांच लाख साठी हजार मात्र) (कर वाहेक) पारिश्रमिक दिने प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन गरियो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिमको शुन्य दशमलव पांच दुईछ प्रतिशतका दरले नगद लाभांश वापत रु १२,१३,०६८।–(वोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत)वितरण गर्न स्वीकृत गर्ने :**

सामान्य प्रस्ताव अन्तर्गत छलफलको विषयसूची न.४ अनुसार शेयरधनी महानुभावहरुलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समिक्षा बर्षमा भएको मुनाफाबाट शुन्य दशमलव पांच दुई छ प्रतिशत

नगद लाभांश (वोनश शेयरमा लाग्ने कर प्रयोजनार्थ समेत) वितरण गर्न राखेको प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

५. **<u>सञ्चालक नियुक्ति अनुमोदन गर्ने :</u>**
छलफलको विषयसूचि नं ५ अनुसार कर्पोरेशनको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्दै आउनु भएका कर्पोरेशनका सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मीदास मानन्धरको स्वर्गारोहण भई रिक्त हुन आएको सञ्चालक पदमा कम्पनी ऐन २०६३ को दफा ८७ को उपदफा (१) को प्रतिवन्धात्मक बाक्यांशको क्रमसख्या(२) बमोजिम वाकी कार्यकालसम्मको लागि सञ्चालक समितिको निर्णय अनुसार शेयरधनी श्री नारायणदास मानन्धरलाई नियुक्ति गरिएको हुदा सो नियुक्तिलाई अनुमोदन गरी दिन राखिएको प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**ख). विशेष प्रस्ताव**

१. **<u>सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूंजीको १० प्रतिशतले हुने रकम रु २,३०,४८,२९०।–वरावरको वोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने :</u>**
बिशेष प्रस्ताव अन्तर्गत छलफलको विषयसूचि न.१ अनुसार शेयरधनी महानुभावहरुलाई लगानीको प्रतिफललाई ध्यानमा राखी समिक्षा बर्षमा भएको मुनाफाबाट कर्पोरेशनको हालको चूक्ता पूंजीको १० प्रतिशतले हुने रकम रु २,३०,४८,२९०।–वरावरको वोनस शेयर जारी गर्ने राखेको बिशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

२. **<u>कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृती उपर छलफल गरि पारित गर्ने ।</u>**
विशेष प्रस्ताव अन्तर्गत छलफलको बिषयसूचि नं २ अनुसार कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ख) बमोजिम कर्पोरेशनको हाल चूक्ता पुंजी रु २३ करोड ०४ लाख ८२ हजार ९ सय मात्र भएको हुंदा कर्पोरेशनले नेपाल सरकारले दिएको जिम्मेवारी पुरा गर्न तथा बिभिन्न ब्यापारीक कारोवार गर्नको लागि चूक्ता पूंजि भन्दा बढी बिभिन्न बैंक तथा बित्तिय संस्थाहरुबाट कर्जा, सापट, सुबिधा लिनु पर्ने भएकोले बैंकिङ्ग सुबिधा प्राप्त गर्ने स्विकृतीको लागि सभा समक्ष राखिएको प्रस्ताव सञ्चालक समितिको स्विकृतमा उल्लेखित सुबिधा प्राप्त गर्न सर्वसम्मतीले स्विकृत गरियो ।

११.१ **प्रतिवद्धता:**

कर्पोरेशनले आफ्नो व्यावसायिक दक्षतोलाई गतिशील बनाई सम्भव भएसम्म प्राप्त व्यावहारिक राय तथा सुझावहरुलाई कार्यान्वयन तथा आगामी दिनहरुमा अझ बढी सुधार गर्दै जाने प्रतिबद्धता सभापतिज्यूले व्यक्त गर्नु भयो ।

**धन्यवाद ज्ञापन:**

शेयरधनी महानुभावहरुका जिज्ञासा, मन्तव्य, विचार, टिप्पणी र गहकिला सुझावहरु रचनात्मक तथा सकारात्मक भएको उल्लेख गर्दै कर्पोरेशनको कार्यमा निकै अभिरुचि राखी कर्पोरेशनको सञ्चालक समिति तथा व्यवस्थापनलाई मार्गदर्शन तथा प्रेरणा प्रदान गर्नु भएकोमा शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**सभा विसर्जन:**

अन्त्यमा, सभामा उपस्थित सञ्चालक, नेपाल सरकार, नियमन निकाय तथा अन्य संस्थागत प्रतिनिधि, पर्यवेक्षकहरु, लगायत सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै कर्पोरेशनको पचपन्नौं वार्षिक साधारण सभा दिनको १२:३० बजे सभापति महोदयले विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| (कल्याणगोविन्द श्रेष्ठ)<br>सभापति | (उमेशकुमार ओझा)<br>कम्पनी सचिव |